# नौकुण्ड गाउँपालिकाको गाउँसभामा प्रस्तुत
# आर्थिक वर्ष ०७९/०८० को
# बजेट बक्तव्य

गाउँ कार्यपालिकाको कार्यालय

सरमथली, रसुवा

बागमती प्रदेश, नेपाल

१० आषाढ, २०७९

"सुन्दर, सुखी, सुरक्षितः सुसंस्कृत र समृद्ध, नौकुण्ड"

आ.ब. २०७९/०८० को बजेट वक्तव्य

गाउँसभाका सभाध्यक्ष ज्यू,
तथा सदस्य ज्यूहरु,

यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक एवं शासन व्यवस्था नेपालीको चाहना अनुरुप परिवर्तन गर्न आफनो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

नेपालको संबिधान २०७२ सालमा जारी भएपछि नागरिकको सार्वभौम अधिकारलाई संघ, प्रदेश र स्थानीय तह गरि ३ तहबाट प्रयोग गर्ने संबैधानिक प्रावधान अनुरुप तीन वटै तहहरुको निर्वाचन सम्पन्न भई तिनै तहबाट नागरिकका प्रतिनिधिहरु बाट शासन सञ्चालन भएको पहिलो ५ वर्षे कार्यकाल सफलता पूर्वक सम्पन्न भई दोश्रो ५ वर्षे कार्यकालको पहिलो वर्षमा प्रवेश गरेका छौं । लोकतन्त्रको सबै भन्दा बलियो आधार स्थानीय तह भएकोले संबैधानिक रुपमै स्थानीय तहहरुमा व्यवस्थापकिय कार्यकारी एंव न्यायीक अधिकारहरुको व्यवस्था भएको छ । नागरिकको सबै भन्दा नजिकको सरकार नै स्थानीय सरकार भएकोले नागरिकको दिनदिनै सरोकारका बिषय एंव बिकासको तिव्र चाहनाहरुलाई सम्बोधन गर्ने दायित्व स्थानिय सरकारको काँधमा आएको छ ।

नेपाल लगायत विश्व जगत नै कोभिड १९ को महामारीबाट आक्रान्त भएको परिवेशमा अप्रत्यासित रुपमा घनजनको क्षती भएको छ । यस महामारीका कारण स्वदेश तथा विदेशमा ज्यान गुमाउने नेपालीहरु प्रति हार्दिक श्रदासुमन अर्पण गर्दछु, साथै शोकाकुल परिवारमा हार्दिक समवेदना प्रकट गर्दछु । यस नौकुण्ड गाउँपालिका लगायत नेपाल तथा विदेशमा उपचार गराईरहनुभएका दाजुभाइ तथा दिदीवहिनीहरुमा स्वास्थ्य लाभको कामना गर्दछु ।

लैंगिक समानता कायम गर्ने, सबै प्रकारका बिभेदको अन्त्य गर्ने,रोजगारीको श्रृजना गर्ने तथा पूर्वाधार बिकास सामाजिक न्याय सहितको समतामुलक समाज निर्माण गर्ने, बिकासलाई दिगो तथा प्रभावकारी, स्थानीय परिवेशमा आधारीत बनाउने, बिकासका लाभहरुको न्यायोचित वितरण गर्ने १५औं योजनाको लक्ष्य तथा उद्येश्यहरुलाई पुरा गर्ने महान अभियानमा सबै जनप्रतिनिधि,कर्मचारी, गैरसरकारी संस्था,नागरिक समाज, पत्रकार, बुद्धिजिवी एंवं आम जनसमुदायका ऐक्यबद्धता र सहभागीता एवं प्रतिवद्धताको आवश्यकता पर्दछ ।

स्थानीय तहको दोश्रो आवधिक निर्वाचन पश्चात जनप्रतिनिधिहरुले स्थानीय तह सम्हालेको पहिलो वर्षको करीव ४० दिन विताउदै गर्दा बिगतका वर्षहरुमा गरिएका राम्रा अभ्यास तथा गाउँपालिकाको उपाध्यक्षको हैसियतले सम्मानित सभा समक्ष वजेट पेश गर्न पाउदा बेहद आनन्द र गौरवान्भित महसुस गरेको छु ।

विगत वर्षहरुमा बजेट कार्यान्वयनलाई सफल बनाउन प्रत्यक्ष र परोक्ष रुपमा भूमिका खेल्नुहुने जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, ,श्रमिक वर्ग,आमा समूह, बुद्धिजिवीहरु, पत्रकार, नागरिक समाज र हामी संगै हातेमालो गर्ने गैरसरकारी संस्थाहरु प्रति हार्दिक आभार ब्यक्त गर्दै आगामी दिनहरुमा पनि अझ सकारात्मक र रचनात्मक भूमिका निर्वाह गरिदिनहुन सहृदय अपिल गर्दछु ।

**सभाका सभाध्यक्ष महोदय,**

अव म चालु आ.व २०७८/०७९ को बजेट तथा कार्यक्रमको संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु ।

आयतर्फ : संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान तर्फ रु. ८ करोड ९१ लाख, नेपाल सरकार शसर्त अनुदान रु. १३ करोड ९७ लाख, संघीय सरकारबाट राजश्व बाँडफाँड बाट रु. ५ करोड ५५ लाख ७८ हजार, प्रदेश सरकार बाट वित्तीय समानीकरण अनुदान रु.७१ लाख २९ हजार , प्रदेश सरकार शसर्त अनुदान रु.१ करोड ६५ लाख १७ हजार, प्रदेश सरकारबाट राजश्व बाँडफाँड बाट रु.८४ लाख ८८ हजार १ सय ४९, यसै गरि प्रदेश सरकार बाट समपुरक अनुदान रु १ करोड ५० लाख ५ हजार, प्रदेश सरकार बाट बिशेष अनुदान रु ६० लाख,संघीय सरकार बाट प्राप्त बिशेष अनुदान ८३ लाख, संघिय सरकार बाट प्राप्त समपुरक अनुदान १ करोड २५ लाख ।

आन्तरिक राजश्वबाट रु.२४ लाख गरी जम्मा आय ३६ करोड २९ लाख १७ हजार १ सय ४९ रुपैया आय भएकोमा हाल सम्म जम्मा हाल सम्मको चालु आम्दानी रु २७ करोड २८ लाख ४७ हजार मध्य हाल सम्मको खर्च रु १७ करोड ८ लाख १० हजार खर्च प्रतिशत ६३ भएको छ ।

त्यसै गरि हाल सम्मको पँुजिगत आम्दानी रु १६ करोड ३१ लाख १० हजार मध्य हाल सम्मको खर्च रु रु ८ करोड १ लाख ८१ हजार खर्च प्रतिशत ४९.१५ भएको छ । जम्मा चालु र पूँजिगत गरि जम्मा खर्च प्रतिशत ५७ रहेको छ ।

१. कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि गाउपालिकाले स्थापना गरेको विपद् व्यवस्थापन कोषमा स्वैच्छिक रुपमा आर्थिक, स्वास्थ्य सामग्री तथा जिन्सी सामाग्रीहरु सहयोग गर्नुहुने सम्पूर्ण सरकारी,गैरसरकारी संघ संस्था तथा वित्तिय संस्थाहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

२. नेपाल सरकारको निर्णय वमोजिम पारच्याङ स्वास्थ्य चौकीलाई ५ सैयाको स्थानीय अस्पताल तथा कोभिड अस्पतालको रुपमा बिकास गर्ने नीति अनुरुप स्वास्थ्यकर्मीहरुले यस विषम परिस्थितीमा सिमित श्रोत साधनको वाबजुत पनि स्वास्थ्य सेवा प्रवाह गर्दै आईरहनु भएको छ, सम्पूर्ण स्वास्थ्यकर्मीहरु, स्वास्थ्य चौकीका कर्मचारीहरु तथा सहयोगी नर्सहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

भौतिक पूर्वाधार तथा वातावरण शाखा

- आ.व. ०७८/०७९ मा वडा नं।९१(५०मा ७ कि.मी. सडकको नयाँ ट्राक्याक निर्माण भएको छ भने ९.५ कि.मी सडकको स्तरोन्नतरी गरिएको छ ।
- वडा नं ३,४ र ५ का ४ वटा सामुदायिक भवन को मर्मत कार्य  सम्पन्न गरिएको छ भने वडा नं ३,४ का महिला भवन निर्माण सम्पन्न भएको छ ।
- सबै वडामा खानेपानी अन्तगत १७३५ जना प्रत्यक्ष रुपमा लाभाम्बित हुनुका साथै ३५ वटा धाराहरु जडान गरिएका छन् भने  वडा नं ५ मा ३१० मि. सिचाई कुलो निर्माण गरिएको छ ।
- सबै वडामा १६ मि.मी गोरेटो बाटो निर्माण भई हिड्डुलमा सहजता भएको छ ।
- वडा नं १,३,४ र ६ मा ७ वटा खेलकुद मैदान निर्माण तथा मर्मत भएका छन् ।
- जुरेढुंगाा फुटट्रेल को काम ३० प्रतिशत सम्पन्न भएको छ  भने आरुखर्क लाङ्बु सडकको काम ३० प्रतिशतले अगाढी बढ्नुका साथै सिस्नेरी भिरकुना सडकको काम पनि ३० प्रतशितले सम्पन्न भएको छ ।
- ९ वटा झो.पु मध्य ३ वटाको भूक्तानी सम्पन्न भएको तथा बाँकि टेण्डरं प्रक्रियामा समावेस भएका छन् ।
- वडा नं १,३,६ मा आफनै वडा कार्यालय भवनको निर्माण कार्य शुरु भएको छ ।
- मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश र नौकुण्ड गाउँपालिका वीच नवप्रवर्तन साझेदारी कोष कार्यक्रम अन्तगत फोहरमैला व्यवस्थापन कार्यक्रमको लागि रू। २ करोडको द्विपक्षिय सम्झौता भई यसै आ.व. भित्र कार्यान्वयन सम्पन्न हुनेछ ।

शिक्षा शाखा

- शिक्षा क्षेत्रलाई विद्यार्थी मैत्री, गुणस्तर वृद्धि गर्नका लागि माध्यमिक विद्यालय र आधारभुत विद्यालय गरी अघिल्लो आ.ब. मा पूर्ति गरिएका दरवन्दिलाई चालु आ.ब.मा पनि निरन्तरता दिईयो । यस गाउ"पालिका अन्तगत रहेका माध्यमिक बिद्यालयहरुमा बिज्ञान प्रयोगशालाको स्थापना गरियो ।
- संघिय सरकारबाट प्राप्त विशेष अनुदान तर्फको सबै प्रावि र निमाविहरुमा Solar सहितको ICT व्यवस्थापन कार्यक्रम अनुरुप तपसिल बमोजिमको सामाग्रीहरु वितरण गरिएको ।

तपसिल:

- Laptop -२४ थान
- Projector-२४ थान
- Printer (3*1) – २४ थान
- Desktop PC- ५० थान
- Solar Power Backup (1000 Watt) – 3 थान

भीम

देउमाया   Anita   कान्छा   काली

महिला बिकास शाखा

- गाउँपालिका भित्र रहेका ३० जना महिलाहरुलाई आयआर्जन तथा जिविकोपार्जनको लागि सिपमुलक तालिम, उद्धोसण तालिम कार्यक्रम सम्पन्न गरि स्थानीय स्तरमा रोजगारी सिर्जना गरियो

प्रधानमन्त्रि रोजगार

- प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्र्तगत १०० जनालाई १०० दिनको रोजगारी सिर्जना गरि गाउँपालिका भित्र रहेका सडक तथा गोरेटो बाटोहरु स्तरोन्नती गरियो ।

उद्योग शाखा

- होजियारी सम्बन्धि सिप विकास तालिम नौकुण्ड १ सिम्बन्दी, २० जना लाभान्वित ।
- बाख्रा पालन सम्बन्धि सिप विकास तालिम नौकुण्ड २ घाङमर, १० जना लाभान्वित ।
- स्यामा पाङगाप बुन्ने सिप विकास तालिम नौकुण्ड २ युब्रा, १० जना लाभान्वित
- झोल र डल्ला साबुन बनाउने सिप विकास तालिम नौकुण्ड ३ पार्च्याङ, २० जना लाभान्वित ।
- च्याउ खेती सम्बन्धि सिप विकास तालिम नौकुण्ड ५ आँपचौर १० जना लाभाम्बित लाभान्वित ।
- व्यावासायिक बेमौसमी तरकारी खेती सम्बन्धि सिप विकास तालिम नौकुण्ड ५ लोगाउँ ८ जना लाभान्वित ।

पंजीकरण शाखा

- सवै वडाहरुमा इन्टरनेट र अन्य प्रविधिको उच्चतम प्रयोग गरि घटना दर्ताको कार्य यलष्लिभ मार्फत गरिएको र इन्टरनेटको पहुँच नभएका वडाहरुमा बैकल्पिक विधि अपनाई सेवा प्रदान गरेको।
- वडामा कार्यरत कर्मचारीहरुलाई घटना दर्ता तथा सामाजिक सुरक्षा सम्वन्धी आवश्यक प्राविधिक तालिम प्रदान गरेको ।
- क्षेत्र तोकिएका ५ वर्ष मुनिका बालबालिकाहरुको निवेदन संकलन र दर्ता ।
- सामाजिक सुरक्षा भत्ता बैकिँङ प्रणाली मार्फत वितरण ।

पशु शाखा

- नौकुण्ड गाउँपालिका वडा नं ४ मा गत मंसिर महिनामा बाख्राहरुमा संक्रामक लक्षण देखापरेकोमा उक्त स्थानमा करिव ६० वटा बाख्रामा निरन्तर रुपमा ३ दिन सम्म उपचार गरेको ।
- गाइ पालन व्यावासायीक कृषकहरुमा निवेदन संकलन गरि छनौटमा परेका कृषकलाई भुक्तानीको चरणमा ।

Anita

- नौकुण्ड गाउँपालिका वडा न. ४ सरमथलीमा ३० जना कृषकहरुमा २ दिने पशुपंछी विमा तालिम संचालन गरि समापन ।
- नौकुण्ड गाउँपालिका वडा नं. १ लाङबु , वडा न. ५ भोर्ले तथा वडा नं। ६ सरस्यु गरि १६० जना कृषकहरुलाई पशुपंछी संग सम्वन्धित समस्याको निदान तथा औषधि वितरण ।
- वडा नं. १ आरुखर्क र वडा नं. २ यार्सामा ६५ जना कृषकहरुलाई २ दिने तालिम संचालन गरि समापन गरिएको ।
- १०३५ जना कृषकहरुलाई विभिन्न प्रकारका औषधि वितरण र १५० भन्दा वढी घरमा पशु उपचार सेवा प्रदान ।

कृषि शाखा

- ५० वटा टनेल खरिद गरि वितरण गरिएको ।
- उन्नत मकै मनकामना ४ र अरुण २ बाँडिएको ।
- आपतकालिन वालि उपचार मकैको अमेरिकन फैजिकिरा नियन्त्रणको लागि विषादि खरिद गरिएको ।
- एकल महिलाहरुलाई कृषि सामाग्री सहित व्यावसायीक तालिम यार्सामा सम्पन्न लाङबुमा सम्पन्न हुने चरणमा ।
- तरकारि मिनिकिट विउ खरिद गरि वितरण गरिएको ।
- किटनाशक र टुटाको तथा ढुसिनासक विषादी खरिद गरि प्रभावित क्षेत्रमा वितरण गरिएको ।
- किसान सुचिकरण कार्यक्रम २२५२ घरधुरि सुचिकृत भएको ।
- कृषि तथा पशु सेवा क्षेत्रमा किसानहरुको लागि प्रत्यक्ष लाभ हुने अनुदानका कार्यक्रमहरु जस्तोः मिनि टिलर, कर्न सेलर, धानको विउ, गहूको विउ, मकैको विउ, फलफूलका विरुवाहरु, हाईटेक टनेल, वितरण जस्ता अनुदानमा आधारित कार्यक्रमहरु सञ्चालन गरियो । गैर सरकारी संस्थाहरु संगको साझेदारीमा अपाङता भएका व्यक्तिहरुका लागि आयआर्जनका कृयाकलापहरु ताथ जिविकोपार्जन सुधारका कार्यक्रमहरु भएका छन् ।

संस्थागत विकास तथा शुसाशन

- नौकुण्ड गाउँपालिकाले नेपालको संबिधानको अनुसूचि ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकार सूचिमा प्राप्त अधिकार क्षेत्रभित्रका विषयमा यस आ.व. ०७८/०७९ मा २४ वटा महत्वपूर्ण ऐन, नियम, निर्देशिका, कार्यबिधि तथा मापदण्डहरु जारी गरि कार्यान्वयनमा ल्याएको छ । यस वाट नौकुण्ड गाउँपालिकालाई उभिने र बिस्तारै हिड्ने आधारहरु खडा गरेर स्थानीय सरकारको विधायिकी अधिकारको संस्थागत गर्न नौकुण्ड गाउँपालिका सफल भएको छ ।
- यस संकटको घडीमा समेत गाउँपालिकाले सहभागीमुलक योजना तर्जुमा प्रक्रिया मार्फत आर्थिक वर्ष ०७८÷०७९ मा स्थानीयस्तरको विकासका लागि वार्षिक योजना बनाई कार्यान्वयन गर्दे जेष्ठ मसान्त सम्म उपभोक्ता समिति मार्फत

Anita

कार्यान्वयनमा भएका पूँजिगत योजनाहरुको प्रगति करिव ८० प्रतिशत पुगेको छ । त्यस्तै संस्थागत सुशासन तथा सेवा प्रवाह संग जोडिएका योजनाहरु करिव सम्पन्न भएको अवस्था छ । यस वाट जनप्रतिनिधिहरुको भूमिका नीति निर्माण र विकास निर्माण अगुवाई,अनुगमन एंव जनताको सुख दुखमा साथदिने गरि नौकुण्ड गाउँपालिका अगाढी बढेको छ ।

- नौकुण्ड गाउँपालिकाले ५ वर्षे गाउँपालिका आवधिक बिकास योजना आ.व. (०७८/०७९ देखि ०८२/०८३) तथा प्रोफाईल तयार गरि कार्यान्वयन गरिरहेको छ ।
- संस्थागत क्षमता स्वमुल्यांकन गरि आगामी कमजोर देखिएका सुचकहरुमा वर्षमा सुधार गर्दै जाने कार्ययोजना तयार गरि कार्यान्वयन गरिरहेको छ ।
- गाउँपालिकाको क्षमता विकास योजना बनाउने कार्यक्रम यसै आ.व. वाट कार्यान्वयनमा आउनेछ ।
- जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता विकास अभिबृद्धिको लागि तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरि सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाईनेछ ।

यसरी संघीय सरकार, प्रदेश सरकार र नौकुण्ड गाउँपालिका तिनै तहको सरकारको समन्वय र सहकार्यमा यस गाउँपालिकाको समृद्धि लाई अगाडी बढाउने कार्य अन्त्रगत अम्वास, पारच्याङ सडक अन्तर्गत कालोपत्रे भईरहेको, ३ वटा रणनितिक पक्कि पुलहरुको निर्माण कार्य ठेक्का प्रक्रिया शुरु भएको यस सभा समक्ष अनुरोध गर्न चाहन्छु ।

सभाध्यक्ष महोदय,

अव म आगामी आर्थिक वर्ष २०७९/०८० को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

बजेटका उद्देश्यहरु निम्न अनुसार प्रस्तुत गरेको छु ।

१. सामाजिक, भौतिक तथा पूर्वाधार र आर्थिक विकास गरि समृद्ध गाउँपालिका बनाउने ।

२. स्वास्थ्य क्षेत्रमा सवैको सहज पहूँच पु¥याउने ५ वेडको अस्पताललाई निर्माण चरणमा तिव्रता दिने ।

३. साधन, स्रोत र क्षमताको उच्चतम उपयोग गरि समृद्ध मानविय विकास गर्ने ।

४. "एक गाउँ एक उत्पादन" लाई प्रभावकारीरुपमा लागु गरि कृषिमा आत्मनिर्भर गाउँपालिका बनाउने साथै रोजगारी सिर्जना गर्ने ।

५. शैक्षिक क्षेत्रको समग्र विकास गर्नुका साथै शैक्षिक गुणस्तर लाई थप सुदृढ बनाउन प्रबिधिको उच्चतम प्रयोग गर्ने ।

६. बैदेशिक रोजगारबाट फर्किएका यूवाहरुको लगत संकलन गरि उहा"हरुको सिप तथा दक्षता पहिचान गरि स्थानिय स्तरमै स्वरोजगार बनाउने ।

७. कृषिमा आधुनिकिकरण प्रविधिलाई अवलम्वन गर्दै लधु उद्यम बिकास मार्फत स्थानीय स्तरमा अल्पकालिन तथा दिर्धकालिन रुपमा रोजगारी सिर्जना गर्ने ।

८. यस गाउँपालिकालाई शासकिय सुधारका साथै सेवा प्रवाहलाई प्रभावकारीरुपमा लागु गरिनेछ ।

९. वागमती प्रदेश संगको सहकार्यमा फोहरमैला व्यवस्थापन परियोजनालाई पूर्ण रुपमा कार्यान्वयन गरि यसै आ.व. २०७९/०८० भित्र सम्पन्न गर्ने तथा रसुवाको नमुना गाँउपालिका बनाउने ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०७९/०८० को ब्रजेटका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

बजेटका प्राथमिकताहरु निम्न अनुसार प्रस्तुत गरेको छु ।

– गरिबी न्यूनीकरण रोजगारी सिर्जना र आयआर्जन वृद्धिमा प्रत्यक्ष योगदान पुर्याउने ।

– स्थानीय स्रोत साधन, श्रम, सीप र प्रविधिमा आधारित ।

– स्वास्थ्य संस्थालाई सुबिधा सम्पन्न प्रशुतीकक्ष को स्थापना तथा बिस्तार गर्ने ।

– शैक्षिक क्षेत्रको गुणस्तर लाई थप सुदृढ बनाउन प्रबिधिको उच्चतम प्रयोग गर्ने ।

– जनसहभागिता अभिवृद्धि गर्ने ।

– युवालाई स्वरोजगारका लागि उद्यम तथा ब्यावसायमा जोड दिने ।

– संस्कृति र पहिचानको प्रवद्र्धन गर्ने ।

– आन्तरीक राजस्व वृद्धि र परिचालनमा योगदान पुर्याउने ।

– सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने ।

– क्रमागत उत्पादनमूलक र छिटो प्रतिफल दिने ।

– लैंगिक समानता तथा सामाजिक समावेशिकरण को मुलप्रवाहिकरण गर्ने ।

सभाध्यक्ष महोदय,

अब म आ.व.०७९/०८० का लागि नौकुण्ड गाउँपालिकाको अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न गईरहेको छु ।

आयतर्फ : संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान तर्फ रु. ९ करोड ४९ लाख, नेपाल सरकार शसर्त अनुदान रु. १५ करोड २३ लाख, ,संघीय सरकार बाट प्राप्त बिशेष अनुदान २ करोड, संघिय सरकार बाट प्राप्त समपुरक अनुदान १ करोड, नेपाल सरकार बाट राजश्व वाडँफाडँ रु.६ करोड ७३ लाख २६ हजार गरि कुल रकम नेपाल सरकार बाट रु. ३४ करोड ४५ लाख २६ हजार रुपैया प्राप्त हुनेछ।

यसै गरि वागमती प्रदेश सरकार बाट वित्तीय समानीकरण अनुदान रु.८३ लाख ९५ हजार , प्रदेश सरकार शसर्त अनुदान रु.२ करोड ९९ लाख ८२ हजार , यसै गरि प्रदेश सरकार बाट समपुरक अनुदान रु २ करोड ८३ लाख ५२ हजार, बिशेष अनुदान रु १ करोड ५० लाख, प्रदेश सरकारबाट राजश्व वाडँफाडँ रु.९८ लाख ४१ हजार जसमा प्रदेश सरकार कुल रकम प्रदेश सरकार बाट रु.९ करोड १५ लाख ७० हजार प्राप्त हुनेछ।

आ.व. ०७९/०८० मा यस नौकुण्ड गाउँपालिकालाई प्राप्त हुने रकम संघिय सरकार र प्रदेश सरकार गरि कुल जम्मा रु ४३ करोड ६० लाख ९६ हजार कुल आय हुनेछ तथा

आंन्तरिक राजश्वबाट रु.३० लाख र बैंक मौज्दात रु १ करोड ५० लाख गरि कुल जम्मा आय रु. ४५ करोड ४० लाख ९६ हजार रुपैया अनुमानित गरिएको छ।

सभाध्यक्ष महोदय:

अब म आर्थिक वर्ष २०७९/०८० मा कर, शुल्क तथा दस्तुर का वारेमा सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु।

आर्थिक वर्ष २०७९/०८० को लागि शुल्क दस्तुर,दर तथा जरिवानाको दर र दायरमा केहि परिवर्तन गरिएको छैन। यस आ.ब. २०७९/०८० देखि नक्सा पासलाई पूर्ण रुपमा लागु गरिने छ। राजश्व सुधारको कार्यक्रमहरु वडातहमा गरिनेछ।

सभाध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०७९/०८० को लागि बिनियोजित कार्यक्रमहरुको बारेमा सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु।

व्यय तर्फः चालु खर्च तर्फः आर्थिक वर्ष २०७९/८० को लागि गाउँपालिका संचालनका लागि रु. ६ करोड १५ लाख, सूचना समाचार सम्प्रेषण तथा पत्रकारिता विकास सहयोग रू. ५ लाख सल्लाहकार नियुक्ति (अध्यक्ष र उपाध्यक्षका लागि) रू.८ लाख २० mm पाइप खरिद रू. १ लाख, दुप्चेस्वरी आवि. शैक्षिक सुधार गुणस्तरका लागि रू. ४ लाख, वडा कार्यालय तर्फ रु ३४ लाख, O&M Survey रू. ५ लाख, लागु औषध दुर्व्यसनी नियन्त्रणका लागि रू. १ लाख ६२ हजार बिनियोजन गरेको छ।

बिषयगत शाखाहरु तर्फः शिक्षा तर्फ रु १ करोड ३० लाख, स्वास्थ्य शाखा तर्फ ४५ लाख, कृषि शाखा रु ४० लाख, पुश शाखा रु ४० लाख, न्यायीक समिति रु १० लाख, पंजीकरण शाखा रू. ६ लाख, अपांगता कार्यक्रमका लागि रु. ३ लाख, जेष्ठ नागरिक रु

Anita

३ लाख, दलित वर्गका लागि रु ७ लाख, वालवालिका रु ३ लाख तथा महिला बिकास २० लाख, गरि जम्मा रु. ९ करोड ८० लाख ६२ हजार बिनियोजन गरेको छु ।

पुंजीगत खर्च तर्फ: गाउँपालिका तर्फ रु ५ करोड ८८ लाख ५० हजार, वडा कार्यालय तर्फ रु. २ करोड ६६ लाख प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि रू. १८ लाख, Backhoe खरिद रू.४५ लाख, length worker पारिश्रमिक रु.३० लाख, IPF साझेदारी रू.६० लाख गरि जम्मा व्यय रु ९ करोड ९८ लाख ५० हजार रहेको छ ।

सभाध्यक्ष महोदय,

अब यस बजेट बक्तव्यमा भएका मुख्य मुख्य योजनाहरुलाई साराशंमा उल्लेख गर्न चाहन्छु ।

भौतिक विकास र सामाजिक विकासलाई समानान्तर ढङगबाट अघि बढाउन सकिएन भने सन्तुलित विकास हाँसिल गर्न सकिदैन । विकासका आधारभूत पूर्वाधारहरुलाई व्यवस्थित गर्नुपर्ने हुन्छ । यहि मान्यतालाई आधार मानेर पूर्वाधार विकास अन्तर्गत स्थानीय सडक,सिचाई,भवन तथा सहरी विकास,उर्जा लघु तथा साना जलविद्युत र सञ्चार क्षेत्रका योजनाहरु समेटिएका छन । वातावरण क्षेत्रका वन तथा भु संरक्षण, जलाधार संरक्षण,वातावरण संरक्षण,जलवायु परिवर्तन,फोहोरमैला तथा ढल व्यवस्थापन तथा विपद ब्यवस्थापन लगायतका लागि वन, वातावरण तथा विपद ब्यवस्थापनलाई प्राथमिकता रहेको छ ।

संस्थागत विकास सेवा प्रवाह र सुशासन मार्फत लोकतन्त्रहरुको लाभहरुको आधिकारिक वितरण गर्दै नागरिकमुखी सेवा प्रदान गर्न सकिएमा संस्था प्रति आम नागरिकको अपनत्व विकास हुन्छ भन्ने विश्वास लिइएको छ । दैनिक सेवा प्रवाहका कार्यहरुलाई सहज सरल र व्यवस्थित बनाउन गाउँ कार्यपालिकाको कार्यालय तथा सम्पूर्ण वडा कार्यालयहरु अनलाईन प्रणालीमा लैजान तथा न्यायिक कार्यलाई प्रभावकारी बनाउन मेलमिलाप केन्द्र स्थापना गर्न, जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता अभिवृदि गर्न सुशासन तथा संस्थागत विकासलाई प्राथमिकतामा राखेको छु ।

अन्त्यमा, आ.व २०७९/०८० को बजेट तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्नुहुने सम्पुर्ण जनप्रतिनिधिहरु,राजनीतिक दलहरु, कर्मचारीहरु, शिक्षक, वुद्धिजिवीहरु,आम नागरिक, सुरक्षाकर्मी, पत्रकार,गैर सरकारी संस्थाहरु लगायत सवैलाई विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।।।

चन्द्र बहादुर गलान
उपाध्यक्ष
नौकुण्ड गाउँपालिका

# नौकुण्ड गाउँपालिकाको गाउँसभामा प्रस्तुत
# आर्थिक वर्ष ०७९/०८० को
# नीति तथा कार्यक्रम र बजेट

गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश, नेपाल
१० आषाढ, २०७९

## "सुन्दर, सुखी, सुरक्षित - सुसंस्कृत र समृद्ध, नौकुण्ड"

## अध्यक्षज्यू, द्वारा गाउँसभामा प्रस्तुत गर्नुभएको नौकुण्ड गाउँपालिकाको आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम :

गरिमामय सभामा उपस्थित हुनु भएका सभाका सदस्यज्यूहरु,

१. नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, सामाजिक न्याय र संघिय लोकतान्त्रीक गणतन्त्र, स्थापनाको निम्ती आफ्नो अमुल्य योगदान गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति असिम सम्मान व्यक्त गर्न चाहन्छु ।

विश्वभर फैलिएको कोभिड १९ को महामारीबाट दोश्रो लहर तथा तेश्रो ओमिक्रोन भेरियण्टको आक्रमण र दुष्प्रभावबाट हाम्रो देश पनि अछुतो रहेन् । कोभिड १९ को दोश्रो लहर भन्दा तेश्रो लहरमा कम मानवीय क्षती नेपालीहरुले व्यहोर्नु पर्‍यो । म यस महामारीबाट ज्यान गुमाउनु हुने सबै नेपाली दाजुभाई तथा दिदिबहिनीहरु प्रति यस अवसरमा श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । यस महामारीबाट प्रभावित भई अस्पतालमा उपचाररत सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

संविधानले संघ, प्रदेश र गाउँपालिका बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । आफ्नो सोच, लक्ष्य र उद्देश्य प्राप्त गर्न यस गाउँपालिकाले संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहसँग समन्वय, सहयोग र सहकार्य गर्नेछ । संघ र प्रदेश सरकारको सोच, लक्ष्य, उद्देश्य र रणनीतिसँग सामन्जस्य र परिपूरक हुने गरी स्थानीय अर्थतन्त्रको विकास र विस्तारबाट समृद्धिको आधार निर्माण गर्ने लक्ष्यका साथ यो नीति तथा कार्यबक्रम तयार गरिएको छ । सो अनुसार प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको रूपमा रही नागरिकलाई सार्वजनिक सेवा सुविधाको प्रत्याभूति दिन मुख्य भूमिका खेलिनेछ । यसरी नागरिकलाई सकेसम्म वडास्तरबाट नै सेवा उपलब्ध हुने गरी व्यवस्था गरिनुका साथै जसको लागि निजी, सहकारी, गैरसरकारी तथा सामुदायिक क्षेत्रसँग सहकार्य गरिनेछ ।

कोभिड १९ माहामारीका कारण उत्पन्न आर्थिक शिथिलताले समग्र अर्थतन्त्रलाई नै नकारात्मक असर पुर्‍याएको यथार्थ हामी सामु छ। हालको देशको अर्थतन्त्र नकारात्मक दिशामा उन्मुख भएको छ। पेट्रोलियम पदार्थ लगायत दैनिक खाद्य सामाग्रीहरुको मुल्य आकासिएको सन्दर्भमा दोश्रो कार्यकालको पहिलो नौकुण्ड गाउँपालिकाको नीति तथा कार्यक्रमको खाका बनाउदै गर्दा विगत अघिल्लो जननिर्वाचित जनप्रतिनीधिज्यूहरुले गरि आएका राम्रा अभ्यास, सिकाई,नीतिगत (गाउँपालिका पहिलो आवधिक विकास योजना २०७८/०७९ देखि ०८२/०८३) कानूनी आधारहरुमा टेकेर नै अगाडीका आर्थिक बर्षहरु देखी नै हुँदै आएका प्रयासहरुलाई निरन्तरता दिनु पर्ने आवश्यकता रहेको छ, संगसंगै चुनौति पनि थपिएको छ भने महामारीजन्य तथा अन्य विपद् एवं संकटका समयमा आवश्यक पर्ने पूर्वाधार निर्माण तर्फ पनि त्यत्तिकै मात्रामा ध्यान दिनु पर्ने यथार्थ हाम्रो सामु छ । यी सबै तथ्यहरुलाई सम्बोधन गर्ने तर्फ आवश्यक ध्यान दिनुपर्नेछ ।

गाउँपालिकाको विकासमा नागरिकहरुको प्रत्यक्ष सहभागिता होस्, नागरिकहरुकै घर दैलोमा सरकारको अनुभूति होस् भन्ने उद्देश्यले संघीय शासन व्यवस्था लागु गरिए संगै त्यसको परिणाम स्वरुप यस गाउँपालिकाको गठन भई बि.स.२०७४ देखि नै स्थानीय सरकारको कार्य प्रारम्भ हुदै आएको यस गरिमामय सभालाई स्मरण गराउन चाहन्छु ।

२. सीमित वजेट र श्रोत साधनका वीच पनि नौकुण्डवासीको विकास निर्माणका चाहनालाई पूर्ति गर्न विवेकपूर्ण प्रयत्न गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै यस महान अभियानमा एकजुट भएर अघि बढ्नका लागि हामी आज निर्वाचित भएको दोश्रो कार्यकालको पहिलो वर्षको नीति तथा कार्यक्रम यस गरिमामय गाउँ

सभामा सम्पूर्ण प्रस्तुत गर्दे गर्दा नीति तथा कार्यक्रमको सफलताको लागि गाउँपालिकाका सदस्यज्यूहरु, बुद्धिजीवि, पत्रकार, समाजसेवी,नागरिक समाज, संघ संस्थाहरु लगायत सम्पूर्ण गाउँपालिका वासीहरुमा हार्दिक अपिल समेत गर्दछु ।

**सम्मानित सभाका सदस्यज्यूहरु,**

अव म आर्थिक वर्ष ०७९/०८० को नीति तथा कार्यक्रमको श्रोत तथा आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

**वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका श्रोत तथा आधारहरु,**

- नेपालको संबिधानले प्रत्याभूत गरेका मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरु तथा नौकुण्ड गाउँपालिकाले गत चालु आ.व. ०७७/०७८ मा गरेको गाउँपालिकाको संस्थागत स्व-मुल्यांकन (लिसा) ले निंदृष्ठ गरेका सूचकहरुको आधारलाई पनि यस गरिमामय नीति तथा कार्यक्रम तर्जुमाको प्रमुख आधारको रुपमा लिएको छ ।
- पन्धौ योजनाले तय गरेका लक्ष्य तथा उद्येश्यहरु वार्षिक नीति तथा कार्यक्रमको आधार रहेको छ ।
- अन्तराष्ट्रिय स्तरमा गरेका सन्धि, सम्फौता एंव प्रतिवद्धताहरु को जगमा वार्षिक नीति तथा कार्यक्रम तय गरिएको छ ।
- नौकुण्ड गाउँपालिका पहिलो आवधिक विकास योजना (२०७८/०७९ देखि ०८२/०८३) को आधारको रुपमा लिएको छ ।
- केन्द्रिय सरकार तथा प्रदेश सरकारले अवलम्ववन गरेका नीतिहरु तथा कार्यक्रमहरु यसका आधारका रुपमा रहेका छन् ।
- स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेखित प्रावधानहरु वार्षिक नीति तथा कार्यक्रमको जग रहेको छ ।
- दिगो विकासका लक्ष्यहरुलाई पूरा गर्ने सिद्धान्त बाट यस नीति तथा कार्यक्रम अभिप्रेरित छ ।

सभाका सदस्यज्यूहरु,

**दीर्घकालिन सोच :**

नौकुण्ड गाउँपालिकाको आधुनिक र व्यवसायिक कृषि प्रणाली, गुणस्तरिय शिक्षा तथा दिगो पूर्वाधार, मार्फत नागरिकहरुलाई स्वावलम्वी, स्वस्थ,उद्यमशिल र स्वरोजगार बनाई समृद्ध, समुन्नत गाउँपालिकाको रुपमा स्थापित गर्ने ।

**लक्ष्य :**

"सुशासनको प्रत्याभूति हुने गरी कृषि र पर्यटनमा जोड दिंदै सामाजिक आर्थिक पूर्वाधारको दिगो विकास सहित नागरिकको जीवनस्तरमा सुधार भएको हुनेछ"

**उद्देश्य :**

१. उत्पादन र उत्पादकत्वमा वृद्धि गरी नौकुण्डबासीको समष्टिगत जीवनस्तर सुधार गर्ने ।
२. समतामूलक, समावेशी र भेदभावरहित शिक्षा, स्वास्थ्य लगायतका सामाजिक क्षेत्रको विकास गर्ने ।
३. गुणस्तरीय र वातावरण मैत्री भौतिक पूर्वाधारको विकास र विस्तार गर्ने ।
४. वन वातावरण, जैविक विविधता को संरक्षण र प्रवर्द्धनका साथै जलवायु परिवर्तन अनुकुलन र विपद व्यवस्थापन सम्बन्धी कार्यबाट विकास र वातावरण बीच सन्तुलन कायम गर्ने ।



Anita
दे माया
भानु भक्त काली

५. नागरिकलाई सुशासनको प्रत्याभूति महसूस हुने गरी संस्थागत सुदृढीकरण गर्ने ।

**सभाका सदस्यज्यूहरु,**

अव म आर्थिक वर्ष २०७९/०८० को बिषयगत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**"दिगो बिकास लक्ष्य प्राप्तीमा - नौकुण्डको गतिशीलता**

**प्रविधिमैत्री शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन पूर्वाधार र उद्यमशिलता"**

**पुर्वाधार बिकास नीति :**

१. मुख्य सडकहरुलाई प्राथमिकतामा राख्दै सबै वडाहरुलाई जोड्ने सडकहरु वर्षभरि नै संचालन हुने गरि स्तरोन्नती गरिनेछ ।

२. मुख्य सडकहरुलाई समपूरक कोष मार्फत दिगो तथा प्रभावकारीरुपमा सचालन गरिनेछ ।

३. नौकुण्डकै गौरवको रुपमा रहेका आयोजनाहरु (पक्की पुल, कालोपत्रे सडक, भवन निमांण) निर्माण गर्न आबश्यक बजेटको व्यवस्थापन गरिनुका साथै संघ तथा प्रदेश सरकार संग समन्वय तथा साझेदारी गरिनेछ ।

४. गाउँक्षेत्रमा सडक निर्माण कार्यलाई व्यवस्थित गर्न गाउँ यातायात गुरुयोजना तयार गरी कार्यान्वियनलाई निरन्तरता दिइनेछ ।

५. सबै वडाहरुलाई सूचना प्रबिधि संग जोड्न ईन्टरनेट बिस्तार कार्यक्रम मार्फत सबै नागरिकहरुलाई सूचना प्रबिधिको पहुँच पुऱ्याउन आवश्यक बजेटको व्यवस्था गरिनेछ । नौकुण्ड गाउँपालिकाका सबै वडा कार्यालयहरु, बिद्यालयहरुमा सूचना प्रविधिको पहुँचलाई उच्चतम प्रयोग गरि **"प्रविधिमा स्मार्ट गाउँपालिका"** बनाईनेछ ।

६. पुर्वाधार विकासका कामहरु मार्फत स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने नीति अवलम्वन गरि श्रम मुलक रोजगारलाई प्रमुख प्राथमिकतामा राखिनेछ ।

७ बिकास निर्माणका कार्यहरुलाई अगाढी बढाउदा वातावरणमैत्री,बालमैत्री, अपांङ्गमैत्री,भूकम्प प्रतिरोधी, महिलामैत्रीं भौतीक पूर्वाधार नीति निर्माण गरि कार्यन्वयनमा ल्याईनेछ ।

८. संघ तथा प्रदेश सरकारको सहकार्यमा नौकुण्ड गाउँपालिका भित्रका उर्वरा भूमिहरुमा सिचाई कुला तथा नहरहरुको निर्माण गरिनेछ ।

९. यस गाउँपालिका भित्र आवास संरचनाहरु निर्माण गर्दा नक्सापासलाई अनिवार्य बनाईनेछ ।

१०. गाउँको समग्र विकास निर्माणमा सार्वजनिक नीजि साझेदारी (Public Private Partnership, PPP) को अवधारणा अवलम्बन गरिनेछ ।

११. यस गाउँपालिकाले प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको अवधारणा अनुरुप **कामका लागि नगद** कार्यक्रमहरु संचालन गर्ने नीति लिईनेछ ।

१२. गाउँपालिका भित्र निर्माण हुने खानेपानी संरचनाहरुको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार कोष लाई थप प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ ।

१३. गाउँपालिकाबाट संचालित आयोजनाहरु संचालन तथा व्यवस्थापन महिलाहरुको मात्र सहभागितामा गठित उपभोक्ता समितिलाई कन्टिजेन्सी रकम छुट गरिने छ ।

Anita

**सभाका सदस्यज्यूहरु,**

**सामाजिक बिकास नीति :**

**शिक्षा यूवा तथा खेलकुद**

१.सामुदायिक बिद्यालयहरुको गुणस्तर सुधारको लागि आवश्यक पहल गरिनेछ ।

२. नौकुण्ड गाउँपालिका भित्र संचालित आधारभूत तथा माध्यमिक बिद्यालयहरुमा आवश्यक शिक्षक दरवन्दि अनुदानको व्यवस्था मिलाईनेछ ।

३.बाल बिकास केन्द्रलाई प्रभावकारीरुपमा संचालन गर्न आवश्यक श्रोतको व्यवस्था मिलाईनेछ । बालविकासका शिक्षकहरु तथा विद्यालय कर्मचारीहरुका लागि प्रोत्साहित गर्ने नीति लिईनेछ ।

४.बिद्यार्थिहरुको प्रतिस्पर्धी क्षमतालाई बिकास गर्न गाउँपालिका स्तरिय अतिरिक्त क्रियाकलाप तथा खेलकुदको व्यवस्था गरिनुका साथै गाउँपालिका स्तरीय खेलकुल मैदानको निर्माण गरिनेछ ।

५.गाउँ क्षेत्रको खेलकुद विकासका लागि आवश्यक पूर्वाधार विकास एवं सुधारका लागि सम्बन्धित निकायसँगको सहकार्यलाई प्रभावकारी ढंगले अगाडि बढाईने छ । गाउँपालिका भित्र अन्य स्थानमा पनि रंगशाला, कभर्ड हल निर्माण गर्न सकिने संभावित स्थानको पहिचान एवं विकास गरिनेछ

६. शिक्षा क्षेत्रलाई गुणस्तरिय बनाउन प्रबिधिको उच्चतम प्रयोग गरी पठन पाठन क्रियाकलाप संचालन गरिनेछ, साथै कक्षा ५ र कक्षा ८ को वार्षिक परिक्षा गाउँपालिका स्तरिय बनाईनेछ ।

७. बिद्यालय शिक्षालाई गुणस्तरिय बनाउन शिक्षक तालिम, बिद्यालय व्यवस्थापन तथा शिक्षक अभिभावक संघका लागि क्षमता बिकास तालिम संचालन गरिनेछ

८. बिद्यार्थी टिकाउ प्रोत्साहान कार्यक्रम, मुख्य विषय सुधार कार्यक्रम, छात्रवृत्ति जस्ता कार्यक्रमहरु संचालन गरि बिद्यार्थिहरुलाई सिकाई प्रति अभिप्रेरित गरिनेछ ।

९.युवाहरूलाई सङ्गठित गरी प्रतिभा प्रस्फुटनका क्रियाकलापहरू सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । युवालाई गाउँपालिका क्षेत्रमा नै उद्यम र रोजगारीको अवसर विस्तार गर्ने गरी **"गाउँ फर्क युवा अभियान"**लाई प्रोत्साहान दिइनेछ ।

१०.नौकुण्डका सामुदायिक बिद्यालय मा.बि र नि.मा.बि. तहका ९ वटा बिद्यालयहरुका प्रा.वि कक्षाहरुलाई प्रविधिको प्रयोग गरि अंग्रेजी माध्यम बाट पठनपाठन शुरुवात गरिनेछ ।

**स्वास्थ्य, खानेपानी तथा सरसफाई**

१. सामुदायिक स्वास्थ्य ईकाइमा स्वास्थ्यकर्मिहरुको व्यवस्था गरिनेछ ।

२. मातृशिशु स्वास्थ्य कार्यक्रम संचालन गरि मातृशिशु स्वास्थ्यलाई प्रवर्धन गरिनेछ,

३. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई प्रभावकारी एंव क्रियासिल बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

४. यसै आर्थिक वर्ष देखि एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाई बिरामीहरुको सेवामा समर्पित हुने व्यवस्था मिलाईनेछ ।

५. स्वास्थ्य सेवालाई घर दैलोमा पुर्याउन स्वास्थ्य घुम्ती शिविर मार्फत महिलाहरुको पाठेघर जाच, जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण, नसर्ने रोगहरुको परिक्षण कार्यक्रमहरु सचालन गरिनेछ ।

६. स्थानीय ५ वेडको आधारभूत अस्पाताल निर्माणलाई तिव्र गतिमा बढाईनेछ ।

७. आधारभुत स्वास्थ्यबारे समुदाय स्तरमा जनचेतनाको प्रवर्द्धन अति महत्वपुर्ण हुने तथ्यलाई आत्मसात गर्दै स्वास्थ्य तथा स्वच्छता सम्बन्धि प्रचार प्रसार सामग्री तथा संचारका साधनबाट जनहितमा जारी गरिने सन्देशलाई निरन्तरता दिइनेछ ।

८. यस गाउँपालिकामा **"एक घर - एक धारा"** मार्फत सफा तथा स्वच्छ खानेपानीको उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ सो कार्यलाई निरन्तरता दिनको लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसंग साझेदारी गरिनेछ ।

९. एक घर एक धाराको व्यवस्थालाई कार्यान्वयनमा ल्याइ पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने कार्यतर्फ अग्रसर भईने छ ।

१०. **"मेरो टोल मै सफा गर्छु"** भन्ने अवधारणालाई वडास्तरमा सरसफाई कार्यक्रमहरुलाई बिशेष प्रोत्साहान दिईनेछ ।

११. वागमती प्रदेश सरकारको नवप्रवर्धन कोष अर्न्तगतको साझेदारीमा सम्फौता भएको फोहरमैला व्यवस्थापन कार्यक्रमलाई यसै आ.व. भित्र कार्यान्वयन गरि नौकुण्ड गाउँपालिकालाई रसुवा जिल्लाको पहिलो फोहरमैला व्यवस्थापन गर्ने गाउँपालिका हुनेछ ।

१२. गाउँपालिकाको केन्द्रमा Lab, Video X-ray सुविधा सहित MBBS Doctor सहितको विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन शुरुवात गरिने छ ।

१३. स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

१४. आमाको गर्भ सुरक्षित हुदा एक युग सुरक्षित हुन्छ भन्ने नाराका साथ गर्भवती स्तनपान गराईरहेका आमा तथा पाँच वर्ष सम्मका शिशुका लागि उन्नत पोषणयुक्त सामग्री वितरण कार्यलाई बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत संचालन गरिनेछ ।

**लैङ्गिक समानता–सामाजिक समावेशीकरण**

१. लैङ्गिक उत्तरदायी बजेट तथा लैङ्गिक समानता–सामाजिक समावेशीकरण को अवधारणा लाई आत्मसात गर्दै समावेशि तथा समतामुलक बिकासको नीतिलाई अवलम्वन गरिनेछ ।

२. अपांगता भएका व्यक्ति तथा समुदायलाई आवश्यक (आर्थिक जिविकोपार्जन, सामाजिक, शैक्षिक आदि)सहयोग पुर्‍याउने हेतुले नौकुण्ड पालिकाले एक छुट्टै **"अपांगता पुर्नस्थापना सहयोग कोष"**लाई थप व्यवस्थित बनाई कार्यान्वयनमा ल्याउनेछ ।

३. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निर्मुल गर्ने कार्यक्रमहरु सञ्चालन गरी समुदायमा सचेतनामुलक अभियानहरु सञ्चालन गरिनेछ ।

४. सार्वजनिक, सामुदायिक साझेदारीका लागि टोल विकास संस्थाको गठन तथा व्यवस्थापन गरिनेछ ।

५. समावेशी नीति, कार्यक्रम तथा बजेटको व्यवस्थापन र कार्यान्वयन गरि समावेशी अनुगमन र मुल्यांकन प्रणालीलाई पालिकाले अवलम्वन गरेको हुनेछ ।

६. गाउँपालिकाले वार्षिक रुपमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परिक्षणलाई निरन्तरता दिईनेछ ।

७. जेष्ठ नागरिक, असहाय, एकल महिला, गर्भवती महिला, वालवालीका, दलित, अति विपन्न,अपाङ्गता ( कोहिपनि नछुटुन्) भएका परिवारका लागि आर्थिक एंव सामाजिक क्षेत्रको विकासका लागि उपयुक्त नीति वनाई प्याकेज कार्यक्रम संचालनमा ल्याईनेछ ।

८. एकल महिलाको समग्र हित र भलाईका निम्ति **"एकल महिला सहयोग कोष"**को स्थापना र सहयोग कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याउनेछ ।

९. यस गाउँपालिका भित्र प्रत्येक वडाहरुमा पाइक पर्ने गरि वालउद्यान निर्माण तथा व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।

१०.यसै आर्थिक वर्ष भित्र सबै वडाहरुलाई **"वालश्रममुक्त घोषणा"** गरिनेछ ।

११.लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन सम्बन्धी गाउँपालिका स्तरीय अभिमुखीकरण गरिनेछ । योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता बढाइनेछ ।

१२.**"प्रधानमन्त्री रोजगार कार्यक्रम,आफ्नो गाउँ आफै बनाऔं"** जस्ता कार्यक्रमहरुमा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गर्दा कोभिडबाट रोजगारी गुमेका र ज्याला मजदुरी गरि जीवन निर्वाह गरिरहेका आर्थिक रुपमा अति विपन्न तथा संकटासन्न घरपरिवारलाई प्राथमिकता दिने नीतिगत व्यवस्था गरिने छ ।

१३.भौतिक विकास निर्माणका कार्यहरुमा अपाङ्गता मैत्रि समावेशि विकासलाई प्राथमिकता दिने नीति लिईनेछ ।

Anita

१४. **"सम्वृद्धिमा पहिला, विकासमा महिला"** भन्ने नारालाई आत्मसाथ गर्दै गाउँपालिकाबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरुमा महिलाहरुको नेतृत्व वृद्धि गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

१५.वडा स्तरका उपभोक्ता समिति मार्फत् सञ्चालन गरिने योजनामा तथा टोल विकास संस्था मार्फत गरिने योजनाहरुमा कम्तिमा एक तिहाई योजना महिला नेतृत्वमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१६.ज्येष्ठ नागरिक घरभेट तथा स्वास्थ्य शिबिर कार्यक्रम संचालन गरिनेछ ।

**कला संस्कृति तथा पर्यटन बिकास**

१. संस्कृति तथा पर्यटन बिकासको माध्यमबाट आर्थिक बिकास तथा रोजगारी सिर्जना गर्न पर्यटकीय स्थलको पहिचान,पूर्वाधार बिकास,स्थानीय तथा मौलिक संस्कृतिको संरक्षण र प्रचारप्रशार गर्ने नीति लिईनेछ ।

२. गाउँपालिका भित्र रहेका धर्म संस्कृति, मठ,मन्दिर, गुम्बा तथा चर्चघर आदिको मर्मत सम्भार,संरक्षण एंव प्रवर्द्धनको लागि आबश्यक श्रोतको व्यवस्था गरिनेछ ।

३. नौकुण्ड गोसाईकुण्ड पदमार्गको डि.पि.आर. तयार भईसकेको अवस्थामा पदमार्ग निर्माणको लागि संघ तथा प्रदेश सरकारसंग निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

४. होमस्टे, जैविक तथा स्थानीय तरकारी उत्पादन,स्थानीय मौलिक खानालाई स्तरीकरण, र प्रवर्धन गर्न आवश्यक तालिम उपलब्ध गराउने व्यवस्था गर्न पहल गरिनेछ ।

५. सवै वर्ग र समुदायका परम्परागत रीतिरिवाज, धर्म, संस्कृति, उत्सव, जात्राको संरक्षण सम्मान गर्ने नीति लिईनेछ । सवै जातजातिको धार्मिक कार्यलाई मर्यादित र ब्यवस्थित गराउन संस्कृति जगेर्ना सूधार कार्यक्रम सञ्चालन गरिनेछ । दाहसंस्कार, मरनपाटी स्थल सुधार गरिने नीति लिईनेछ ।

६. गाउँपालिका भित्र रहेका विकासका सम्भाब्यता लगायत विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्ने परिपाटीको शुरुवात गरी पृष्ठपोषण लिने कार्यको थालनी गरिनेछ ।

७. नौकुण्डको शानको रुपमा रहेको जुरेढुङ्गा पर्यटन प्रवर्धन कार्यक्रमलाई वागमती प्रदेश संग साझेदारीमा निर्माण कार्य गरिनेछ ।

**सभाका सदस्यज्यूहरु,**
**आर्थिक बिकास नीति :**
**कृषि तथा पशुपालन बिकास**

१. कृषिको उत्पादन तथा उत्पादकत्व अभिबृद्धि गर्न आवश्यक तालिमहरुको व्यवस्था गरिनेछ ।

२. कृषि क्षेत्रलाई उत्पादनशिल व्यवसायिक एंव प्रतिस्पर्धी बनाउन आवश्यक अनुदान कार्यक्रमहरु तथा पकेट क्षेत्र लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

**३.** **"पकेट क्षेत्रमा व्यावसायिक तरकारी : एक घर एक करेसावारी"** भन्ने अभियानका साथ तरकारीमा आत्मनिर्भर हुन प्रोत्साहान गरिनेछ । पहिचान भएका तरकारी पकेट क्षेत्र र पशु बिकास क्षेत्रलाई लक्षित गरि व्यावसायिक कृषिमा अगाढी बढाईनेछ ।

४. पशुपालन उत्पादनलाई ब्यावसायिक बनाउन उन्नत, नस्ल, बिमा कार्यक्रम, बंगुर प्रवर्धन कार्यक्रम, घाँसको बिउ बितरण, व्यवस्थित बधशाला तथा विभिन्न पशु तालिमको ब्यबस्था गरिनेछ ।

५. कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै उत्पादकत्व बृद्धि गरी यस गाउँपालिका क्षेत्रलाई अर्गानिक तरकारी, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भरता साथै घाँसमा पनि आत्मनिर्भरता बनाउने नीति लिइनेछ ।

६. आवधिक कृषि हाटबजारको लागि उपयुर्क्त स्थानमा पुर्वाधार विकास र व्यवस्थापन गर्ने नीति लिइनेछ ।

७. यस गाउँपालिका भित्र दर्ता भएका कृषक समूहहरु तथा सहकारीहरुको समन्वय तथा सहकार्यमा पकेट क्षेत्र बाट उत्पादित कृषि उपजहरुलाई संकलन गरि बजारीकरणको लागि आवश्यक प्रवन्ध मिलाईनेछ ।



Anita

८. **"एक गाउँ–एक उत्पादन"** नीति अवलम्बन गरिनेछ ।
९. कृषि योग्य जमिनमा आबश्यक सिचाईको व्यवस्था गरि उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ ।
१०. लक्षित वर्ग महिला,बिपन्न तथा दलित,अपाङ्गता भएका व्यक्तिहरु का साथै भुकम्पबाट बिस्थापित समुदायका किसानहरुलाई बिशेष व्यवस्था गरि हरेक प्रकारका अनुदान,प्रविधि सहयोगमा लक्षित वर्गलाई सुनिश्चित गरि कृषि तथा पशुपालन कार्यक्रम संचालन गरिनेछ ।
११. सिचाई सुबिधा उपलब्ध नभएका क्षेत्रहरुमा बर्ष भरी सिचाई हुनेगरि सिचाईको व्यवस्था मिलाईनेछ ।
१२. **"एक वडा -एक उत्पादन"को** नीतिलाई अवलम्बन गरि वाखा,गाई,भैसी तथा कुखुरापालनलाई व्यावसायिकरण गर्न पकेट क्षेत्र बिकास गरि कार्यक्रम संचालन गरिनेछ साथै कृतिम गर्भाधान दुध उत्पादनको आधारलाई मुर्त रुप दिन नश्ल सुधारको कार्यक्रम संचालन गरिनेछ ।
१३. कृर्षि व्यावसाय गर्न चाहने महिला उद्यमिहरु, तथा यूवा उद्यमिहरुलाई सहुलियत कर्जाको लागि स्थानीय वाणिज्य बैंक संग सहकार्य गरि सहुलियत कर्जा उपलब्ध गराईने व्यवस्था मिलाईनुका साथै **"खाद्यान्नमा आत्म निर्भर स्थानीय तह"** घोषणा गर्ने कार्यक्रम अगाढी बढाईनेछ ।
१४. कृषि समुह तथा सहकारी मार्फत कम्तिमा **"एक वडा, एक तरकारी नर्सरी"को** स्थापना तथा व्यवस्थापनका लागि अनुदान सहयोग उपलब्ध गराईनेछ,साथै महिला उद्यमीहरुलाई बिशेष अनुदानको व्यवस्था मिलाईनेछ ।

**लघु उद्यम तथा निजि क्षेत्रको बिकास**

१. महिला आर्थिक सशक्तिकरणमा जोड दिदै महिला उद्यीहरुको समस्या पहिचान गरी आवश्यकतामा आधारीत कार्यक्रमहरु संचालन गरिनेछ ।
२. व्यावसाय करको दायरा बढाउदै लैजने र यसका लागि उद्योगि व्यावसायिहरुसँग आवश्यकतानुसार समन्वय गरी कार्य गर्ने । व्यवसायिमा कर तिर्ने व्यवस्था तथा कर नीतिको बारेमा आवश्यक प्रशिक्षणको व्यवस्था मिलाईनेछ ।
३. उद्योगी व्यावसायिहरुको क्षमता विकासका लागि आवश्यकतामा आधारीत व्यवस्थापकिय तथा प्राविधिक सीप विकास गर्ने व्यावसाय व्यवस्थापन उद्यमशिलता विकास व्यावसायिक योजना निर्माण बजारीकरण लेखापालन जस्ता इलम कार्यक्रमहरु संचालन गरिनेछ ।
४. अपाङ्गता भएका नागरिक, एकल महिला, विपन्न, भुःकम्पको कारण विस्थापनमा परि यस स्थानीय तहको सेवा क्षेत्रमा आई बसोवास गर्ने आन्तरिक तथा बाह्य विस्थापितहरुको आर्थिक विकासको लागि आवश्यक नितिगत तथा कार्यक्रमको सुनिश्तिता गरिनेछ ।
५. स्थानीय तहमा संचालनमा रहेका दर्ता भएका र नभएका सबै खाले उद्योग व्यावसायहरुको तथ्यांक अध्यावधिक गर्ने व्यावसाय दर्ता अभियान वडातहमा संचालन गरीनेछ ।
६. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) मोडल अर्न्तगत सामाजिक परिचालन,उद्यमशिलता, बिकास तालिम तथा सिप बिकास तालिम सञ्चालन गरि सिप अनुसार प्रविधि हस्तान्तरण गरि उद्यमी बनाउनुका साथै वित्तिय सेवामा पहुँच बढाई उत्पादन संगै बजारीकरणको व्यवस्था मिलाईनेछ ।
७. महिला तथा एकल महिलाहरुलाई लक्षित गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गर्नुका साथै तालिम पश्चात व्यवसाय सञ्चालन गर्ने कार्यमा साझेदार संस्थाहरुसँगको समन्वयलाई निरन्तरता दिईनेछ ।

**राजश्व नीति**

१. स्थानीयत तहको राजश्व अभिबृद्धिका लागि राजश्व सुधार योजना निर्माणलाई निरन्तरता दिदै कार्यान्वयन गरिनेछ ।

२. निजी क्षेत्रका संघ संगठनहरुसँग समन्वय गरी स्थानीय तहमा तीनका शाखा विस्तार गर्न सहजिकरण गर्ने र राजश्व परामर्श समितिमा निजी क्षेत्रको प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

Anita



देवमाया

३. उद्योग व्यावसाय दर्तामा महिला, दलित तथा विपन्न बर्गका लागि राजश्वमा केहि हदसम्म छुटको व्यवस्था गरिने छ साथै **"व्यापार व्यावसायमा महिला उद्यमी"**हरुको लागि बिशेष प्राथमिकता गरिनेछ । गाउँपालिकाको सहयोगमा सिप बिकास तालिम तथा सहयोग प्राप्त उद्यमीहरुलाई व्यावसायद दर्ता गर्नको लागि थप प्रोत्साहान गरिनेछ ।

४. गाउँपालिकाले हाल लिदै आएको कर, राजश्व शुल्क आदीलाई थप व्यवस्थित र नियमन गरिनेछ । **"हाम्रो गाउँपालिका हाम्रो कर,समृद्ध बनाउने हाम्रै रहर"** भन्ने नारालाई सफल पार्न असल करदातालाई सम्मान र तोकिएको समयमा कर तिर्ने करदातालाई बिशेष छुटको व्यवस्था गरिनेछ ।

**सभाका सदस्यज्यूहरु,**

**वन,वातावरण तथा विपद् व्यवस्थापन नीति :**

१. भूक्षय तथा पहिरो नियन्त्रण गर्न आवश्यक रकमको व्यवस्थापन गरिनेछ ।

२. लाङटाङ राष्ट्रिय निकुञ्ज मध्यवर्तिक्षेत्र कार्यक्रमलाई यस गाउँपालिकाको कार्यक्रम संग समाञ्जस्यता कायम गर्ने नीति अवलम्वन गरिनेछ ।

३. सम्पूर्ण बिकास निर्माणका कार्यहरुलाई वाताबरणमैत्री बनाईनेछ ।

४. यस गाउँपालिका भित्र रहेका खाली क्षेत्रहरुमा वृक्षारोपण कार्यक्रम संचालन गर्नुका साथै सम्भावीत वन अतिक्रमणलाई रोकिनेछ ।

५. विपद व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने (क्यू.आर.टीं. गठन गर्ने, जोखिमको नक्सा, स्थानीय विपद व्यवस्थापन कोष स्थापना/ संकट ब्यबस्थापन कोष लागु गरिनेछ ) विपद् व्यवस्थापन नीति तथा कार्यविधि तर्जुमा, विपद् व्यवस्थापन कोष, खोज तथा उद्धार पूर्व तयारी, प्रकोप/विपद् व्यवस्थापन क्षमता विकास कार्यक्रम, न्यूनतम राहत सामग्रीको भण्डारण मा जोड दिईनेछ ।

६. सबै वडाहरुमा **"एक बिरुवा एक घर"**बृक्षारोपण को नीति लाई अवलम्बन गरिनेछ ।

७. सम्पुर्ण विषयगत योजना तर्जुमा, कार्यन्वयन गर्दा विपद जोखिम न्युनिकरण तथा जलबायु अनुकुलनलाई एकिकृत गरिनेछ । समुदायमा आधारित विपद जोखिम न्युनिकरण तथा विपद व्यवस्थापन योजना तर्जुमा गरी समुदाय परिचालन गर्ने नीति लिइनेछ । सो को लागि समुदायस्तरमा स्वयम सेवकहरुलाई परिचालन गर्न तालिम तथा विपद कोष स्थापना गरिनेछ ।

सभाका सदस्यज्यूहरु,

**सुशासन तथा संस्थागत बिकास नीति :**

१. शासकिय प्रवन्ध, र संगठन तथा प्रशासन लाई थप सुदृढ बनाईनेछ, क्षमता विकास योजना तयार गरि कार्यान्वयनमा ल्याउनुका साथै गाउँपालिकामा कार्यरत सबै कर्मचारीहरुलाई सेवाकालिन तालिम र सबै जनप्रतिनिधिहरुलाई अभिमुखिकरण/तालिम कार्यक्रम संचालन गरिनेछ ।

२. सेवा प्रवाहलाई छिटो, छरितो प्रभावकारी एंव जनमैत्री बनाउन सूचना प्रबिधिको प्रयोगलाई प्रभावकारी बनाईनेछ ।

३. कर्मचारीहरुको कार्यसम्पादनमा आधारीत प्रोत्साहान कार्यक्रमहरु लागु गरिनेछ ।

४. वेरुजु नहुने गरी आर्थिक प्रशासन संचालन गर्ने नीति लिइने छ । आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाइनुको साथै आन्तरीक लेखा परिक्षण बाट यथार्थ विवरण प्राप्त हुने व्यवस्था मिलाइनेछ ।

५. पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारीत घटना दर्ता प्रणालीलाई सबै वडाहरुमा प्रभावकारी ढंगले ब्यबस्थापन गरिनेछ ।

६. कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्दतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवं जवाफदेही बनाईनेछ ।

७. पारदर्शीता एवं सुशासनका लागि गाउँपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ । कम्तिमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरिनेछ । विकास निर्माणको सार्वजनिक परीक्षण गरिनेछ ।

८. विकास निर्माण कार्यमा पारदर्शीता कायम गर्ने योजना स्थलमा नै सूचना पाटी राख्ने, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ। सेवा प्रवाहलाई सूचना प्रविधी मैत्री बनाईनेछ।

९. यस गाउँपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रममा नसमेटिएका तर सम्बन्धित निकायबाट आकस्मिक रुपमा प्राप्त हुने बजेट तथा कार्यक्रम र गा.पा.भित्र गर्नुपर्ने आकस्मिक तथा अत्यावश्यक कार्यहरु गाउँपालिका बोर्ड बैठकबाट निर्णय गरी कार्यान्वयन गर्ने र आगामी गाउँ सभाबाट अनुमोदन गरिनेछ।

१०. उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी, उपभोक्ता समिति, तोकिएको समय भन्दा अगावै सबै योजना सम्पन्न गर्ने वडा तथा नागरिक समाज संस्थालाई प्रोत्साहन गरिनेछ।

११. गाउँपालिका भित्रको सुरक्षा व्यवस्थालाई चुस्त, दुरुस्त बनाउन सुरक्षा निकायको समन्वयमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१२. यस गाउँपालिका भित्र कार्यक्षेत्र भई काम गरिरहेका तथा गर्ने गैससहरुको कार्यक्रमलाई नतीजामुलक र पारदर्शी बनाउन पहल गरिनेछ। कार्यक्रममा दोहोरोपना हुन नदिन आवश्यक व्यबस्था गरिनेछ।

१३ गाउँपालिकाद्धारा संचालित कार्यक्रम, आयोजना तथा बजेट खर्चको चौमासिक रुपमा प्रतिवेदन सार्वजनिक गर्ने व्यबस्था मिलाइनेछ।

**आर्थिक वर्ष २०७९/०८० को नौकुण्ड गाउँपलिकाको रणनीति :**

गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,

आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति, कार्यक्रम तथा बजेटले परिलक्षित गरेको उद्देश्य प्राप्तिको लागि देहाय बमोजिमको रणनीतिलाई थप प्रभावकारीता सहित निरन्तरता दिईनेछ।

१. राजश्वका क्षेत्रहरुको पहिचान र अधिकतम परिचालन र उक्त कार्यका लागि सरोकारवालाहरुको सहकार्यमा जोड दिने।

२. समावेशी, सन्तुलित तथा दिगो विकासका लागि सामाजिक परिचालनमा जोड दिने।

३. आधारभूत सेवा तथा पूर्वाधार विकासमा समन्वय, सहकार्य, सहभागिता र साझेदारीको अवधारणालाई थप प्रभावकारी बनाउने।

४. ठूला योजनाहरुको सम्भाब्यता अध्ययन एवं डिजाइनका लागि विज्ञ परामर्श दातृ संस्थाहरुको सेवा लिने।

५. जलवायु परिवर्तन अनुकुलन कार्य योजना अनुसार विकास कार्य सम्पादन गरिनुका साथै विपदको प्रभावकारी व्यवस्थापन गर्ने।

६. लक्षित तथा बिशेष लक्षित क्षेत्रमा क्रियाशिल संघसस्थाहरुलाई गाउँपालिकाको एउटै छाताभित्र समन्वय तथा साझेदारी मार्फत लक्षित उपलब्धी हासिल गर्नमा जोड दिने।

७. उद्यमशीलताको विकासका साथै स्थानीय कच्चापदार्थमा आधारित उद्योग, व्यापार तथा व्यवसायको प्रवर्द्धन गर्ने।

८. आधारभूत र माध्यमिक शिक्षालाई प्रविधिमा आधारित गराउदै गुणस्तरीय र रोजगारीमूलक वनाउने।

९. आधारभूत स्वास्थ्यसेवामा नागरिकको सहज पहुँच हुने व्यवस्था गर्ने।

१०. नेपाल सरकारले अवलम्बन गरेको दिगो बिकास लक्ष्यलाई हासिल गर्नको लागि एकिकृत रुपमा सामाजिक,आर्थिक तथा भौतिक बिकास कार्यहरु गर्ने।

११. सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको सहकार्य तथा समन्वयमा जोड दिने।

१२. स्थानीय कानून, नीति, नियम, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने ।

१३. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक,दिगो प्रभावकारी तथा नतिजामूलक बनाउने ।

अन्तमा, यस नौकुण्ड गाउँपालिकाको समग्र बिकासमा योगदान पुऱ्याउने राजनीतिक दल,राष्ट्रसेवक कर्मचारी ,शिक्षक,सुरक्षाकर्मी,निजी क्षेत्र, सहकारी र गैरसरकारी संघ संस्थाहरु,श्रमिक वर्ग, आमा समुह, आमसञ्चार,सामाजिक अभियन्ता,युवा क्लव, लगायत सम्पूर्ण दिदीवहिनी तथा दाजुभाईहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनवाट नौकुण्ड गाउँपालिकाको समृद्धी तथा विकासमा उल्लेखनिय योगदान पुग्ने अपेक्षा गरेको छु । नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउनुहुने गाउँसभाका सदस्यज्यूहरु, वुद्धिजिवीहरु, राष्ट्र सेवक कर्मचारीहरु,सुरक्षाकर्मि, पत्रकार,गैर सरकारी संघ तथा संस्थाहरु सवैलाई धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि समेत सवैको सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ॥।

नुर्वु स्याङवो घले

अध्यक्ष

नौकुण्ड गाउँपालिका, सरमथली, रसुवा

# नौकुण्ड गाउँपालिकाको गाउँसभामा प्रस्तुत
# आर्थिक वर्ष ०७९/०८० को
# विनियोजन विधेयक

गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश, नेपाल
१० आषाढ, २०७९

नौकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक

प्रस्तावना : नौकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नौकुण्ड गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नामर प्रारम्भ:**

(१) यस ऐनको नाम **"नौकुण्ड गाउँपालिकाको विनियोजन ऐन, २०७९"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान तर्फ रु. ९ करोड ४९ लाख, राजश्व बाँडफाँड तर्फ ६ करोड त्रियतर लाख छब्बिस हजार, नेपाल सरकार शसर्त अनुदान रु. १५ करोड २३ लाख, ,संघीय सरकार बाट प्राप्त बिशेष अनुदान २ करोड, संघिय सरकार बाट प्राप्त समपुरक अनुदान १ करोड रकम जसमा नेपाल सरकार सरकारवाट ३४ करोड ४५ लाख २६ हजार प्राप्त हुनेछ ।

यसै गरि वागमती प्रदेश सरकार बाट वित्तीय समानीकरण अनुदान रु.८३ लाख ९५ हजार , प्रदेश सरकार शसर्त अनुदान रु.२ करोड ९९ लाख ८२ हजार , यसै गरि प्रदेश सरकार बाट समपुरक अनुदान रु २ करोड ८३ लाख ५२ हजार, बिशेष अनुदान रु १ करोड ५० लाख जसमा प्रदेश सरकारबाट रु.९ करोड १५लाख ७० हजार प्राप्त हुनेछ ।

आ.व. ०७९/०८० मा यस नौकुण्ड गाउँपालिकालाई प्राप्त हुने रकम संघिय सरकार, प्रदेश सरकार र आन्तरिक आय गरि **कुल जम्मा रु ४५ करोड ४० लाख ९६ हजार कुल आय हुनेछ ।**

आन्तरिक राजश्वबाट रु.३० लाख गरी जम्मा आय जम्मा **रु ४५ करोड ४० लाख ९६ हजार रुपैयामा** नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

(२) शसर्त , समपूरक तथा विशेष अनुदान अनुसूची २ बमोजिम हुनेछ ।

३. **विनियोजन:** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त "नौकुण्ड गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक

भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

(४) दफा २ वाहेक संचित कोषमा प्राप्त भएका रकम, प्राप्त अख्तियारी तथा कार्यपालिकाको स्विकृती अनुसार खर्च गर्न सकिनेछ।

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम
(दफा २ संग सम्बन्धित)

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | नेपाल सरकार शसर्त अनुदान | १४,४३,००,००० | ८०,००,००० | | १५,२३,००,००० |
| २ | | नेपाल सरकार समपुरक अनुदान | | १,००,००,००० | | १,००,००,००० |
| ३ | | नेपाल सरकार विशेष अनुदान | | २,००,००,००० | | २,००,००,००० |
| ४ | | नेपाल सरकार समानीकरण | | | | ९,४९,००,००० |
| ५ | | प्रदेश सरकार समानीकरण | | | | ८३,९५,००० |
| ६ | | प्रदेश सरकार शसर्त अनुदान | २,९९,८२,००० | | | २,९९,८२,००० |
| ७ | | प्रदेश सरकार समपुरक अनुदान | | २,८३,५२,००० | | २,८३,५२,००० |
| ७ | | प्रदेश सरकार बिशेष अनुदान | | १,५०,००,००० | | १,५०,००,००० |
| ८ | | नेपाल सरकार राजश्व वाडफाड | | | | ६,७३,२६,००० |
| ९ | | प्रदेश सरकार राजश्व वाडफाड | | | | ९८,४१,००० |
| १० | | आन्तरिक आय | | | | १८०,००,००० |
| | | जम्मा | | | | ४५,४०,९६,००० |

Anita
देउमाया
साम्
भाम